# विश्व न्याय गृह

## रिज्वान २०१७

विश्वभरका बहाईहरू

अति प्रिय मित्रहरू,

हेर्नोस्, अति महान नामको समुदाय कसरी उठ्दै छ ! नयाँ योजना शुरु भएको एक वर्ष मात्र बितेको बेलामा प्राप्त भएको सूचनाले प्रमाणित गर्दछ कुन मात्रामा के कस्ता प्रयासहरू भैरहेका छन् र कस्ता उपलब्धिहरू हासिल भएका छन्। पाँच हजार वृद्धि कार्यक्रमहरूलाई बढी तिब्रता दिने कामको लागि पहिलेको भन्दा बढी प्रयासको आवश्यक भएको छ। योजनाका आधारभूत पक्षहरूलाई मजबूतसँग अंगालेपछि मित्रहरूले ठूलो संख्यामा त्यसको प्रत्युत्तरमा दृढता तथा त्यागको भावना प्रदर्शन गर्दै त्यस्का आवश्यकताहरू पूरा गर्ने काममा लागेका छन्। कल्पना गरे अनुसार लामो समयदेखि दिगो हुँदै आएका सघन वृद्धि कार्यक्रमहरू ज्ञान तथा स्रोत साधनका भण्डार बन्दै आएका छन्, आफ्ना अनुभव तथा अन्तर्दृष्टिको छिटो छिटो प्रवाह गर्दै वरिपरिका क्षेत्रहरूलाई पनि सहयोग गर्दैछन्। सघन कृयाकलापका केन्द्रहरू -ती छरछिमेक तथा गाउँघरहरू जहाँ समुदाय निर्माणको काम सबभन्दा बढी केन्द्रित छन्-ती स्थानहरू सामुहिक रुपान्तरणका लागि मलिलो जमीन सावित हुँदैछन्। सहायक मण्डलहरूको विस्तारित तथा स्फूर्ति प्राप्त जमात र तिनीहरूका सहायकहरूले धर्मावलम्बिहरूका प्रयासहरूलाई प्रोत्साहित गरिरहेका छन्, विभिन्न परिस्थितिमा बृद्धि प्रकृयालाई कसरी अघि बढाउने भन्ने परिकल्पना प्राप्त गर्न मद्दत गर्दैछन् र प्रत्येक क्लस्टरका परिस्थितिहरूका लागि कस्ता उपायहरू अपनाउनु पर्दछ भनी पहिचान गर्न सक्षम बनाउँदै छन्। आफ्ना राष्ट्रिय आध्यात्मिक सभाहरूको सहयोग क्षेत्रिय बहाई परिषदहरूले योजनाको गति विविध क्लस्टरहरूमा साथसाथै कसरी निर्माण गर्न सकिन्छ भन्ने कुरा सिक्दैछन्, जब कि परिषद नभएका केही स-साना मुलुकहरूमा राष्ट्रिय स्तरका नयाँ निकायहरूले यही काम शुरु गर्दैछन्। कुनै पनि जैविक प्रकृयामा अपेक्षा गरेअनुसार कुनै कुनै ठाउँमा तिब्र गतिमा प्रगति भएको देखिन्छ भने कुनै ठाउँहरूमा यस्तो हुन बाँकी नै छ, तर पनि विश्वभरि सघन वृद्धि कार्यक्रमहरूको कुल संख्या बढ्दै गएको देखिन्छ अझ हामी यस कुरामा हर्षोमान्दित छौं कि योजनाका कृयाकलापहरूमा पहिलो चार चक्रहरूमा सहभागिता उल्लेखनीय रुपले बढेको छ।

आगामि वर्षमा के कस्ता उपलब्धिहरू प्राप्त हुन सक्छन् भन्ने कुरामा यीभन्दा आशाजनक चिन्हहरू के हुन सक्लान्। वरद सौन्दर्यलाई उनको द्वि-शतवार्षिकीको अवसरमा चढाउन उनका प्रियजनहरूले उनको धर्मको पहुँच विस्तार गर्ने सच्चा प्रयास भन्दा उत्तम उपहार अरु के हुन सक्ला ? यसरी, बहाई विश्वले मनाउन लागेको दुईवटा द्वि-शतवार्षिकहरू मध्य पहिलो यस्तो अवसर बन्ने छ जसका

सम्भावनाहरू अति रोमान्चकारी सावित हुने देखिन्छ। यथार्थमा हेर्‍यो भने हृदयहरूलाई बहाउल्लाहसँग जोड्ने सबैभन्दा ठूलो एउटै विश्वव्यापि मौका सधैंभन्दा यस वर्षले हामीलाई प्रदान गरेको छ। आउँदा महिनाहरूमा यो अमूल्य मौकालाई हामी सबैले मनमा राखौं र उनको जीवनी र आगमनको महान उद्देश्यबारे अरुहरूलाई परिचित गराउने कामबारे पनि सधैं सचेत रहिरहौं। बहाई विश्वको अगाडि देखापरेको यो शिक्षा दिने मौकालाई पूर्णरुपले प्रयोग गर्नाका लागि हरेक किसिमका व्यक्तिसँग गरिने वार्तालापमा रचनात्मक विचारधारा माथि ध्यान दिनु पर्छ। यस्ता अर्थपूर्ण वार्तालापको सिलसिलामा प्रत्यक्ष ज्ञान बढ्न जान्छ र हृदयहरू खुल्न जान्छन्-कहिलेकाहीं तत्कालै यस प्रतिष्ठित कार्यक्रममा सबैले स्थान पाउने छन्, यस कार्यबाट प्राप्त हुने हर्षबाट कोही पनि बन्चित हुनु हुँदैन। हामीले ती एकमात्र प्रिय पात्रसँग प्रार्थना गर्नुपर्दछ कि यो द्वि-शतवार्षिक वर्ष पूरै नै ईश्वरको दिनको उदयबारे अर्को आत्मालाई बोध गराउने काम बाट अति स्वच्छ र परम हर्षले भरियोस्।

हाल विश्वमा देखिएको अस्तव्यस्तता, अविश्वास र अस्पष्टताको कारण धर्मावलम्बिहरूको जमातले नै यी दायित्वहरू बहन गर्नुपर्ने झन् जरुरी भएको छ। साँच्चै नै, मित्रहरूले बत्ती बालेर बाटो देखाउने र चिन्तितहरूका लागि आश्वासन्, हरेश खाएकाहरूका लागि आशाको प्रत्येक अवसर उपयोग गर्नुपर्छ। धर्म संरक्षकज्यूले एउटा बहाई समुदायलाई दिनु भएको उपदेशको सम्झना हुन्छ जुन हाम्रो समुदायको लागि उपयुक्त देखिन्छ: “जब, आजको समाजको संरचना गम्भिर घटनाहरू र विकृतिहरूको भार र तनावले घिस्रिन्छ र चर्किन्छ, जब राष्ट्र राष्ट्र, वर्ग वर्ग, जाति जाति तथा धर्म धर्म बीचका विखण्डनहरू झन् झन् बढ्दै जान्छन्, योजनाका संचालकहरूले आफ्ना आध्यात्मिक जीवन तथा प्रशासनिक क्रियाकलापहरूमा झन् बढी एकता देखाउनु पर्दछ र बढी उच्च स्तरको सामुहिक प्रयास, आपसी सहयोग, र शान्तिपूर्ण विकास देखिनु पर्छ उनीहरूका सामुहिक उद्यममा।” धर्मको कामको आध्यात्मिक महत्वलाई सधै जोड दिंदै एकचित्त संकल्प लिएर अनुयायीहरूले आफ्ना पवित्र कर्तव्यहरू पूरा गर्ने छन् भनी शोघी एफेन्दीले यो चेतावनी पनि दिनु भएको छ कि उनीहरू राजनीतिक, बादविवाद, संलग्नता तथा झै-झगडामा अंशियार नहोउन्। “सबै खालका गुटवन्दी वा दलगत भावनाभन्दा माथि उठुन्”, उहाँले अर्को अवसरमा भन्नु भयो, “निरर्थक झैं-झगडा, तुच्छ षढ्यन्त्र, क्षणिक आनन्द जसले यो परिवर्तनशील विश्वको स्वरुपलाई खलबलाउने र त्यसको ध्यानाकर्षण गर्ने ती भन्दा पनि माथि उठ्नु पर्ने छ। यो एउटा अशान्त र विभाजित समाजलाई हलचल मच्चाउने एक पछि अर्को आइरहेको समुद्री छालको फींज तथा छिर्काहरू हुन्। यस्तो किसिमको खलबलीमा व्यस्त हुनु भनेको धेरै कुराहरू गुमाउनु हो। बहाउल्लाहको प्रत्येक अनुयायीले राम्ररी बुझेको छ कि मानवजातिको कल्याण अन्त्यमा त्यसबेला प्राप्त हुनेछ जब यी विभाजनहरूलाई पारगरेर मावन एकता बलियोसँग स्थापित हुन्छ। बहाईहरूले आफ्नो समाजको जीवनको लागि गर्ने हरेक योगदान एकता बढाउने काममा लगाउनु हो, प्रत्येक समुदाय निर्माणका प्रयासहरू पनि यही उद्देश्य प्राप्तितिर निर्देशित हुनु पर्दछ। ती व्यक्तिहरू जो झैं-झगडाबाट वाक्क भएका छन् तिनीहरूका लागि अतिमहान नामको छायाँमा विकसित हुँदै गइरहेका समुदायहरू एकताले के के हासील गर्न सकिन्छ भन्ने सशक्त उदाहरणको रुपमा प्रश्तुत हुन्छन्।

मानव एकताको ध्वजा माथि माथि फरफराउन सकियोस् भनी कैयौं उपायहरूद्वारा उनका प्रियपात्रहरूले आफ्नो दिलोज्यान लगाएको हेर्न पाएकोमा ती अधिपतिहरूका पनि अधिपति समक्ष हामी हाम्रो प्रशंसा पेश गर्दछौं। अति प्रिय मित्रहरू: एउटा अति पुनीत वर्ष प्रारम्भ भएको छ, के हामी प्रत्येकले के कस्ता स्वर्गीय कार्य गर्न सक्छौं भनी विचार गरेर उनको दानशीलताको लागि सहायता माग्न सक्दैनौं ?

विश्व न्याय गृह